# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
## लुम्बिनी प्रदेश, नेपाल

प.सं.०८१/०८२
च.नं. ११५१

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


## नगर गीत रचना गरी पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना
(प्रथम प्रटक प्रकाशित मिति : २०८१/०६/१५)

बुटवल उपमहानगरपालिकाको ऐतिहासिक, सामाजिक, प्राकृतिक, पूरातात्वीक तथा आधुनिक विकास निर्माण लगायतका पक्षहरु झल्कने गरी नगर गान निर्माणको लागि कार्यालयको मिति २०८१/०६/११ गतेको स्वीकृत प्रस्तावना अनुसार तपसिलमा उल्लेखित बुँदाहरुलाई समेटी नगर गीत निर्माण गरी सूचना प्रकाशन गरेको मितिले ३५ दिनभित्र कार्यालय समयमा पेश गर्न सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. नगरगीत नेपाली भाषामा बढीमा ५५ (पचपन्न) देखि ६० (साठी) शब्दको हुनु पर्नेछ ।

२. नगरगीत लयात्मक तथा गेयात्मक हुनु पर्नेछ ।

३. नगरगीतले बुटवल उपमहानगरपालिकाको स्पष्ट खुल्ने ऐतिहासिक, सामाजिक, प्राकृतिक, पूरातात्वीक तथा आधुनिक विकास निर्माण लगायतका पक्षहरुको भावलाई समेत समेट्नु पर्नेछ (१ करोड १० लाख वर्ष अगाडिको आदिमानव रामापिथेकसको क्षेत्र, ५०५ वर्ष अगाडि पाल्पाली सेनवंशिय राजाको गृष्मकालीन दरबार रहेको क्षेत्र, १८७२ मा नेपाल अंग्रेज युद्धमा नेपालले विजय प्राप्त गरेको जितगढी र त्यसको नेतृत्वकर्ता कर्णेल उजिर सिंह थापा रहेको क्षेत्र, विगतमा पहाडबाट घिउ बेच्न आउने र यहाँबाट नुन, तेल कपडा लिएर जाने क्षेत्र, यातायातका क्षेत्र, पूर्व पश्चिम र उत्तर दक्षिणको महत्वपूर्ण व्यापारिक, औद्योगिक, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि लगायतमा उत्कृष्ट क्षेत्र, तिनाउ नदीको पवित्र क्षेत्र, नुवाकोट, वसन्तपुर, हात्तिकोट शिरमा रहेको क्षेत्र, विविध जाति, धर्म, संस्कृति, कला भएको क्षेत्र, आधुनिक शहरीकरण बुटवल) ।

४. रचना मौलिक (अन्य राष्ट्रिय गीत तथा अन्य नगर गीतहरुसँग मेल नखाने गरी) हुनु पर्नेछ ।

५. भाषा सरल र शुद्ध हुनु पर्नेछ ।

६. समग्र नगरको वस्तुस्थिति भाव झल्कनु पर्नेछ ।

७. रचनामा प्रयोग भएका शब्द नेपाली जनजिब्रोमा प्रचलनमा रहेको हुनु पर्नेछ ।

८. रचनाकारले आफ्नो रचना युनिकोड फन्टमा टाइप गरी पि.डि.एफ. फाइल तयार गरेर info@butwalmun.gov.np मा वा खामबन्दी गरी बुटवल उपमहानगरपालिकामा पेश गर्न सकिनेछ ।

९. रचनाकारले आफ्नो रचनासँगै नाम, थर, ठेगाना, मोवाइल नं., mail ID, शैक्षिक योग्यता, नागरिकताको फोटोकपी राखी निवेदन पेश गर्नुपर्नेछ ।

१०. तोकिएको समयभित्र प्राप्त नगरगीत (रचनाहरु) विज्ञ सम्मिलित छनौट समितिबाट छनौट गरिनेछ ।

११. छनौट भएको नगरगीतको रचनाकारलाई तोकिए बमोजिमको पारिश्रमिकमा नियमानुसारको करकट्टी गरी रकम उपलब्ध गराइनेछ ।

बुटवल उपमहानगरपालिका
तुल्सा अर्याल
निर्देशक